# उपकार लघुवित्त वित्तीय संस्था लि.

## Upakar Laghubitta Bittiya Sanstha Ltd.

उपकार

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)

च.नं...३३९..../२०८३/०८४

उपकार लघुवित्त वित्तीय संस्था लि. केन्द्रिय कार्यालय, कोहलपुर (बाँके) उपकार २०७५

मिति २०८३/०६/२९

श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड
पुतलीसडक काठमाण्डौं ।

विषय : शेयरधनी दर्ता पुस्तिका बन्द रहने सम्बन्धमा ।

महोदय ,
यस उपकार लघुवित्त बित्तीय संस्था लिमिटेडको ११४ औं बैठकको निर्णय बमोजिम मिति २०८३ साल मंसिर ०४ गते शुक्रबार दिन सम्पन्न हुन गईरहेको आठौं वार्षिक साधारण सभा प्रयोजनार्थ यस संस्थाको शेयरधनी दर्ता पुस्तिका मिति २०८३ कार्तिक १९ गते १ (एक) दिन बन्द रहने ब्यहोरा जानकारी लागि अनुरोध गर्दछु । साथै सोहि प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द रहने ब्यहोरा उल्लेख गर्दै मिति २०८३ आश्विन २९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना समेत प्रकाशित भईसकेको ब्यहोरा जानकारी गराउँदछु । सूचना सम्प्रेषण विवरण निम्न बमोजिम रहेको अनुरोध गर्दछु ।

<u>सूचना सम्प्रेषण विबरण :</u>

१) नगद लाभाँश प्रतिशत : छैन ।
२) बोनश शेयर प्रतिशत : छैन ।
३) शेयर दाखिला खारेज मिति (: Book Close Date )२०८३ कार्तिक १९ गते ।
४) हालको चुक्ता पूँजी : १०,६१,४८,२००/
५) वार्षिक साधारण सभाको मिति : २०८३ मंसिर ०४ गते शुक्रबार

संलग्न : नयाँ पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८३ आश्विन २९ गते प्रकाशित आठौं वार्षिक साधारण सभा सम्बन्धि सूचनाको प्रतिलिपी थान १

भवदिय

शारदा कुमारी खत्री
प्रमुख कार्यकारी अधिकृत /कम्पनी सचिव

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर-११, बाँके फोन नं. ०८१-५४०७४४, ०८१-५४२०५३
Email: upakar.banke1@gmail.com
www.ulbsl.com.np

Scanned with CamScanner

# उपकार लघुवित्त वित्तीय संस्था लि.

## Upakar Laghubitta Bittiya Sanstha Ltd.

उपकार

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)

उपकार लघुवित्त वित्तीय संस्था लि. उपकार २०७५ केन्द्रीय कार्यालय, कोहलपुर (बाँके)

पत्र संख्या ३४०../२०८३/०८४ मिति : २०८३/०६/२९

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं ।

श्री नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौ ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड ,पुतलीसडक काठमाण्डौं ।

श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।

**बिषय: आठौं बार्षिक साधारण सभाको सुचना एवं सो प्रयोजनको लागि शेयरधनि दर्ता किताव बन्द हुने बारे जानकारी सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा मिति २०८३/०६/२८ गते बसेको संचालक समितिको ११४औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

सभा हुने मिति: २०८३ साल मंसिर ०४ गते शुक्रवार (तदनुसार २० नोभेम्वर, २०२६)

सभा हुने समय : बिहान १० बजे

सभा हुने स्थान : होटल सेन्ट्रल प्लाजा कोहलपुर, बाँके ।

**बार्षिक साधारण सभाको छलफलका विषयहरु:**

**क) सामान्य प्रस्तावहरु**

१) आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२) आ.व.२०८२/०८३ लेखा परिक्षण प्रतिवेदन, वासलात तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०८३ अषाढ मशान्त सम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची हरु) समेत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०८३।२०८४ को लेखापरिक्षण कार्यको लागी लेखापरिक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संस्थापक समुहबाट सञ्चालक २ जना निर्वाचन गरि नियुक्त गर्ने सम्बन्धमा ।

५) सर्वसाधारण समुहबाट संचालक २ जना निर्वाचन गरि नियुक्त गर्ने सम्बन्धमा ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर-११, बाँके फोन नं. ०८१-५४०७४४, ०८१-५४२०५३

**Email: upakar.banke1@gmail.com**

**www.ulbsl.com.np**

Scanned with CamScanner

उपकार

# उपकार लघुवित्त वित्तीय संस्था लि.

# Upakar Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)

**ख)बिशेष प्रस्तावहरु**

१. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्वन्धि प्रक्रिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

२. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन ( Due diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्वन्धि समझदारी पत्रमा (Memorandum of Understanding ) तर्जुमा गर्न र सो सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलि संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**शेयर दाखिल खारेज बन्द (Book Close Date):**

१. आठौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०७/१९ गते १ दिनका लागि वित्तीय संस्थाको शेयरधनी दर्ता किताव बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०७/१८ सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईसी एसिया क्यापिटल लिमिटेड, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन् ।

उपकार लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, कोहलपुर (बाँके) उपकार २०७५

भवदिय,
शारदा कुमारी खत्री
कम्पनि सचिव

बोधार्थ,

१.श्री लघुवित्त संस्था सुपरिबेक्षण बिभाग बालुवाटार,काठमाण्डौं ।

२.श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड पुतलीसडक, काठमाण्डौं ।

३. श्री एनआईसी एसिया क्यापिटल लिमिटेड ट्रेडटावर, थापाथली ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर-११, बाँके फोन नं. ०८१-५४०७४४, ०८१-५४२०५३
Email: upakar.banke1@gmail.com
www.ulbsl.com.np

Scanned with CamScanner